# सिद्धलेक गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय

बुङ्चुङ, धादिङ

बागमती प्रदेश, नेपाल

पत्र सङ्ख्याः २०८१/०८२

चलानी नं.

सिद्धलेक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बुङ्चुङ, धादिङ बागमती नेपाल

## किसान सूचिकरण सहजकर्ता छनौटका लागि दरखास्त आव्हान सम्बन्धि सूचना !!!

प्रथम पटक सूचना प्रकाशन मिति: २०८१/०८/०६

सूचना नं.-०१ कृषि

प्रस्तुत विषयमा सिद्धलेक गाउँपालिका, कृषि विकास शाखाको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक स्वीकृत संघीय ससर्त किसान सूचीकरण कार्यक्रम अनुसार **किसान सूचिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि- २०७७** अन्तर्गत **खाद्य अधिकार खाद्य सम्प्रभुता सम्बन्धी ऐन-२०७५** को दफा १४ को उपदफा १ कार्यान्वयन गर्नको लागि किसानको पहिचान गरी सरकारी तवरबाट किसानहरुलाई उपलब्ध गराइने सेवा सुविधाको पारदर्शी तथा सुशासन अभिवृद्धि गर्न कृषि पशुपन्छी तथा मत्स्य तथ्याङ्क अध्यावधिक कार्यक्रम प्रयोजनार्थ किसानहरूको आवश्यक विवरणहरू विधुतीय प्रणाली मार्फत संकलन गरी किसान सूचीकरण गर्न **किसान सूचिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि**-२०७७ जनशक्ति व्यवस्थापनको दफा २ (दुई) मा रहेको व्यवस्था अन्तर्गत सिद्धलेक गाउँपालिकाको वडा नं २, ६ र ७ क्षेत्र भित्र किसान सूचिकरण सहजकर्ता नियुक्ति गर्नुपर्ने भएकोले तपसिलमा उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र सिद्धलेक गाउँपालिका कृषि विकास शाखामा दरखास्त पेस गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। म्याद नागी वा रित नपुगि प्राप्त हुन आएका आवेदन उपर कुनै कारबाही हुने छैन।

तपसिल

**आवश्यक न्यूनतम शैक्षिक योग्यता**

१.मान्यता प्राप्त शैक्षिक संस्थाबाट माध्यमिक तह कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको।

२.कम्प्युटर वा स्मार्टफोन बाट डाटा प्रविष्ट गर्न सक्षम साथै Android वा स्मार्टफोन वा ल्यापटप आफैंसँग भएको।

३.Android वा स्मार्टफोन वा टयाब्लेट वा ल्यापटप आफैंसँग भएको।

४.पुरुषको हकमा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको।

**आवेदन साथ पेश गर्नुपर्ने कागजातहरू**

१.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।

२.हालचालै खिचिएको पासपोर्ट साइजको फोटो दुईप्रति।

३.न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि।

**पारिश्रमिक तथा अन्य सेवा सुविधा**

**किसान सूचीकरण कार्यान्वयन कार्यविधि**-२०७७ बमोजिम सेवा करार सम्झौतामा उल्लेख भए अनुसार हुनेछ।

**नोटः**- सम्बन्धित वडामा बसोबास गर्ने, किसान सूचिकरण सहजकर्ताको रुपमा कार्य गरेको अनुभव तथा कृषि / पशु विज्ञान विषय अध्ययन गरिसकेकोलाई प्राथमिकता दिइनेछ।

..............................

राम प्रसाद शर्मा

प्रमुख प्रशासकीय अधिकृत

**राम प्रसाद शर्मा**

**प्रमुख प्रशासकीय अधिकृत**

Website: www.siddhalekmun.gov.np Email: info@siddhalekmun.gov.np & sidhalekhruralmun@gmail.com

Scanned with CamScanner